# कविलासी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही

Visit Nepal 2020

पत्र संख्या:- २०७८/०७८
चलानी नम्बर:- ११६६

प्रदेश नं. २, नेपाल
मिति २०७८।०२।२१

विषय : अगामी आ.व. २०७८।०७९ को योजना तथा कार्यक्रम तर्जुमा गरी पठाउने सम्वन्धमा ।

श्रीमान् वडा अध्यक्षज्यू,
वडा कार्यालय सबै,
कविलासी नगरपालिका, सर्लाही ।

प्रस्तुत विषयमा कविलासी नगरपालिका नगर कार्यपालिकाको मिति २०७८।०२।२१ को बैठकवाट स्वीकृत आ.व.२०७८।०७९ को वजेट, योजना तथा कार्यक्रम तर्जुमा तालिका अनुसार अगामी आर्थिक वर्ष २०७८।०७९ को वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम निर्धारित समयमै नगर सभामा वजेट पेश गर्ने र पारित गर्नु पर्ने भएकोले तहाँ वडावाट प्रचलित कानूनका साथै संलग्न तपसिल वमोजिमको मार्गदर्शनको आधारमा आयोजना प्राथमिकीकरण गरी मिति २०७८।०२।३० गते दिउसो १०:०० वजेसम्म यस कार्यालयमा आई पुग्ने गरी अनिवार्य रुपमा पठाउनु हुन अनुरोध छ ।

तपसिल

१. वजेट, योजना तथा कार्यक्रम तर्जुमा तालिका
२. वस्ती एवं वडागत योजना छनौट तालिका
३. योजना तर्जुमाका आधार तथा मार्ग दर्शन
४. विषयगत क्षेत्र छुट्याउने आधार
५. अर्थ मन्त्रालयको मार्ग दर्शन
६. वस्ती तहको योजना छनौट प्रक्रिया
७. वडा तहको योजना छनौट तथा प्राथमिकीकरणको आधार
८. आयोजना प्राथमिकीकरण सूची फारम

श्याम किशोर राय
नि.प्रमुख प्रशासकीय अधिकृत

**वडावाट पठाउनु पर्ने विवरण :**

१. आयोजना प्राथमिकीकरण सूची फारम
२. वडा समितिको निर्णयको प्रतिलिपि

**अवगतार्थ :**

श्रीमान् प्रमुखज्यू, कविलासी नगरपालिका
श्रीमान् उपप्रमुखज्यू, कविलासी नगरपालिका

इमेल ठेगाना:- kabilasimun@gmail.com
वेबसाईट:- www.kawilasimun.gov.np

# कविलासी नगरपालिका

आ.व. २०७८।०७९ को बजेट, योजना तथा कार्यक्रम तर्जुमा तालिका

| | क्रियाकलाप | मिति | | समय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | राजस्व परामर्श समितिको बैठक | २०७८।०२।२२ | २०७८।०२।२३ | |
| २. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक | २०७८।०२।२४ | २०७८।०२।२४ | |
| ३. | आयोजना प्राथमिकीकरणको आधार तथा मार्गदर्शन | २०७८।०२।२५ | २०७८।०२।२५ | |
| ४. | बस्ती तहका योजना छनौट | २०७८।०२।२६ | २०७८।०२।२८ | |
| ५. | वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण | २०७८।०२।२९ | २०७८।०२।२९ | |
| ६. | विषय क्षेत्रगत समितिहरुको योजना तर्जुमा | २०७८।०२।३० | २०७८।०२।३१ | |
| ७. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७८।०३।०१ | २०७८।०३।०२ | |
| ८. | नगर कार्यपालिकाको बैठक | २०७८।०३।०३ | २०७८।०३।०८ | |
| ९. | नगर सभाको छैठौं अधिवेशन आव्हान | २०७८।०३।१० गते | | बिहान ८:०० बजे |
| सभाको अन्य कार्यसूची सभा आफैले तय गर्ने । | | | | |

श्याम किशोर साह
नि.प्रमुख प्रशासकीय अधिकृत

# कविलासी नगरपालिका

## वस्ती एवं वडागत योजना छनौट तालिका

## आर्थिक वर्ष २०७८।०७९

| वडा नं. | वस्ती स्तरीय योजना छनौट मिति | वडा स्तरीय योजना छनौट मिति | कैफियत |
|---|---|---|---|
| १. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| २. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| ३. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| ४. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| ५. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| ६. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| ७. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| ८. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| ९. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |
| १०. | २०७८।०२।२६,२७ र २८ | २०७८।०२।२९ | |

श्याम किशोर राय
नि.प्रमुख प्रशासकीय अधिकृत

कविलासी नगरपालिका

# योजना तर्जुमाका आधार तथा मार्ग दर्शन

## आ. व. २०७८।०७९

**वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु**

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
६. स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
७. संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
८. स्रोत साधन
९. विकासका अन्तर सम्बन्धित विषयहरु
१०. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबध्दताबाट सिर्जित दायित्वहरु
११. विकास सहायता एजेन्सीहरुले विभिन्न मुलुकमा कोभिड-१९ बाट उत्पन्न परिस्थितिको लेखाजोखा गर्न विकास गरेका औजार सहायता रणनीतिहरु
१२. संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु ।

**वर्षिक योजना तथा बजेटका प्राथमिकताहरु**

१. आर्थिक विकास तथा गरीवि निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
२. उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
४. स्थानीय सहभागिता जुटने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
५. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
६. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
७. लैंगिक समानता स सामाजिक समावेशीकरण अभिवृद्धि हुने
८. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
९. भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने
१०. आन्तरीक राजस्व बृद्धि र परिचालनमा योगदान पुर्याउने
११. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने
१२. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
१३. स्थानीय तहले आवश्यक देखेका अन्य आवश्यक विषयहरु

**वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषयहरु**

१. संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समय सीमा र प्रकृयासंग अनुकूल हुने
२. आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु
३. वातावरण संरक्षण, जदवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन
४. सुशासन, लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तर सम्बन्धित विषयहरु
५. समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु
६. अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु
७. विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु
८. वडा स्तरीय आयोजना छनौट गर्दा रु १ करोडको सीमाभित्र रही आयोजना छनौट गर्ने । वडा स्तरीय प्रति योजनाको लागत कम्तीमा रु २ लाख वा सोभन्दा बढी हुनु पर्नेछ ।
९. नगर स्तरीय आयोजना छनौट गर्दा आयोजनाको लागत कम्तीमा ५ लाख वा सोभन्दा बढी हुनुपर्ने ।

**बजेट तथा कार्यक्रमका चरणहरु**

१. वित्तिय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती
२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण
३. बस्ती/टोल स्तरबाट योजना छनौट
४. वडा स्तरीय योजना प्राथमिकीकरण
५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा
६. कार्यपालिकाबाट स्वीकृती
७. सभाबाट स्वीकृती

श्याम किशोर राय
नि.प्रमुख प्रशासकीय अधिकृत